# नेपाल पत्रकार महासंघ

केन्द्रीय समिति
सञ्चारग्राम, काठमाडौं
Central Committee
Federation of Nepali Journalists

२०७४।०५।२३

**माननीय सूचना तथा सञ्चारमन्त्रीज्यू**
**सूचना तथा सञ्चार मन्त्रालय**
**सिंहदरवार, काठमाडौं ।**

## विषयः ध्यानाकर्षण ।

**माननीय मन्त्रीज्यू,**

लोकतन्त्र, मानवअधिकार, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हक प्राप्तिको आन्दोलनमा खरो उत्रेको नेपालका पत्रकारहरूको साझा संस्था नेपाल पत्रकार महासंघ श्रमजीवी पत्रकारहरुले भोगिरहेका समस्याप्रति संवेदनशील र चिन्तित छ । महासंघले प्रेस तथा पत्रकारहरुले भोगिरहेका तमाम समस्या समाधान गर्न नेपाल सरकार र यस मन्त्रालयलाई बारम्बार झकझक्याउने काम गर्दै आएको स्मरण गराउन चाहन्छौं । सीमित विषय सम्बोधन भए पनि धेरै मुद्दाहरू सम्बोधन हुन नसकिरहेको सन्दर्भमा समग्र सञ्चार क्षेत्रको विकास-विस्तारका साथै श्रमजीवी पत्रकारहरुको अधिकार प्राप्तिका सन्दर्भमा प्रभावकारी कदम चाल्न सरकारको गम्भीर ध्यानकर्षण गराउन चाहन्छौ ।

### १. लोकतन्त्र, मानवअधिकार र प्रेस स्वतन्त्रतासम्बन्धी

- संविधानप्रदत्त र अन्तर्राष्ट्रिय मूल्य मान्यताअनुसार प्रेस स्वतन्त्रता अक्षुण रहने व्यवस्था सुनिश्चित गर्न राज्यले बनाउने सञ्चारसम्बन्धी सबै कानुनमा यसको प्रत्याभूति गरी निर्वाधरूपमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको उपभोग गर्ने वातावरण निर्माण गरियोस् ।
- विगतमा कर्तव्यपालनका सिलसिलामा मारिएका सम्पूर्ण पत्रकारहरूप्रति उच्च सम्मान गर्दै पत्रकारको हत्यामा संलग्नमाथि कारबाही गर्नुका साथै बेपत्ता पत्रकारको खोजी तथा घटनामा संलग्नको पहिचान गरी कानुनी कारबाही गरियोस् । साथै, पीडितलाई उचित राहत उपलब्ध गराउने व्यवस्था गरियोस् ।
- संचार गृह र संचारकर्मीमाथि हुनसक्ने प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र मानवअधिकार हननका घटना रोक्न र त्यस्ता कार्यमा संलग्नलाई कारबाही गर्न सरकारले अग्रसरता देखाउन महासंघ माग गर्दछ ।

### २. नीति सम्बन्धी

- 'राष्ट्रिय आमसञ्चार नीति-२०७३' लाई आवश्यक परिमार्जनसहित दृढतापूर्वक कार्यान्वयन गरियोस् । नीति कार्यान्वयनसँगै संचार क्षेत्र स्वायत्त र स्वतन्त्र संरचना निर्माण गरियोस् र यसमा समावेशीताले उच्च महत्व पाउनेमा महासंघ विश्वस्त छ ।

फोन नं :००९७-१-४-११२७६३, ४-११२६७३, फ्याक्स : ४-११२७८५, इमेल : fnjnepal@mail.com.np, Website: www.fnjnepal.org

- अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका-२०७३ लाई सुशासन (व्यवस्थापक तथा सञ्चालन) ऐन २०६४ भित्र राखिएकाले त्यसलाई सो ऐन मातहत नराखी अन्य संचारमाध्यमलाई दिइएको स्वतन्त्रता प्राप्त हुने गरी नीति तय गरियोस् ।
- मिडियामा भएका लगानीलाई पारदर्शी र व्यवस्थित बनाइयोस् ।

### ३. श्रमजीवी पत्रकारको अधिकारका सन्दर्भमा

१ २०५१ सालमा जारी भएको श्रमजीवी पत्रकार ऐन र त्यस अन्तर्गत बनेको नियमावली-२०५३ मा तोकिएका सेवा सुविधा अझैसम्म श्रमजीवी पत्रकार, कर्मचारी र कामदारहरूले प्राप्त गर्न सकेका छैनन् । अतः सो ऐन र नियमावलीले तोकेका सेवा सुविधा तत्काल उपलब्ध गराउन सरकारले दृढतापूर्वक कदम चालोस् । साथै, राजपत्रमा प्रकाशित भई २०७३ साउन १ गतेदेखि लागू भएको श्रमजीवी पत्रकार, कर्मचारी र कामदारको न्यूनतम पारिश्रमिकलाई आधारभूत तलवमान मानी भुक्तान गर्न संचार गृहहरुले आलटाल गरिरहेको सन्दर्भमा तत्काल त्यसको कडाइपूर्वक कार्यान्वयनको पहल थालियोस् ।

२ श्रमजीवी पत्रकार ऐनमा उल्लेखित प्रेस रजिष्ट्रार नियुक्त हुन नसकेकाले अधिकार सम्पन्न प्रेस रजिष्ट्रार नियुक्त गरियोस् ।

३ पत्रकार महासंघका सदस्यता परिचय पत्रका आधारमा श्रमजीवी पत्रकारलाई सिंहदरबार प्रवेशको व्यवस्था गरियोस् ।

४ ऐन तथा नियमावली र न्यूनतम पारिश्रमिक निर्धारण समितिले तोकेको पारिश्रमिकलगायतका सुविधा नदिने संचार गृहलाई कानून बमोजिम कारबाही गरियोस् । त्यसका लागि न्यूनतम पारिश्रमिक निर्धारण समितिले बुझाएको अनुगमन प्रतिवेदन २०७४ को खण्ड ६ 'ऐनको पूर्व कार्यान्वयनका लागि सुझाव' मा उल्लेखित सिफारिस अक्षरसः लागू गरियोस् । 'हरेक वर्ष नेपाल राष्ट्र बैंकको मूल्यवृद्धि प्रक्षेपण (प्रचलित मान्यता) प्रतिवेदनका आधारमा पारिश्रमिक बढ्ने व्यवस्था हुनुपर्ने' बँदालाई विशेष महत्व दिई पारिश्रमिक वृद्धि गर्दा न्यूनतममात्र नभई तहगतलाई पनि ध्यान दिइयोस् र ठूलो संख्यामा रहेका स्ट्रिन्जरहरूलाई नयाँ रुपमा व्यवस्थित गर्न समितिलाई तत्काल काम अगाडि बढाउन निर्देशन दिइयोस् ।

### ४. सामाजिक सुरक्षा

- पत्रकार दुर्घटना बिमालाई थप विस्तार गरियोस् । स्वास्थ्य बिमा, जेष्ठ पत्रकार जीविकोपार्जन भत्ता, पत्रकार कल्याणकारी कोषमा रकम वृद्धि, आपतकालिन राहत कोषको व्यवस्था गरियोस् । साथै, पत्रकारलाई सरकारी अस्पताल तथा स्वास्थ्य संस्थाहरुबाट उपलब्ध गराइने भनेको ५० प्रतिशत छुटलगायतका पूर्व निर्णयहरु कार्यान्वयन गरियोस् ।
- सूचना विभागबाट प्रेस पास नवीकरण भएसँगै स्वतः पत्रकारलाई पत्रकार दुर्घटना वीमाको व्यवस्था गरियोस् ।

### ५. साना लगानीका मिडियाको रक्षा

१ समानुपातिक विज्ञापन नीति लागू नभएसम्मका लागि लोककल्याणकारी विज्ञापन रकम दोब्बर वृद्धि गरी मिडियाको बहुलता र विविधतालाई संरक्षण गर्दै सबै प्रकारका आमसञ्चार माध्यमलाई लोककल्याणकारी विज्ञापन उपलब्ध गराइयोस् ।

२ नेपाली मिडियालाई सेवा उद्योगको रुपमा मान्यता र सुविधा प्रदान गर्न, क्लीन फिड नीति कार्यान्वयनमा ल्याउन, सरकारी विज्ञापनको समुचित, समानुपातिक

३ वितरण तथा विकेन्द्रीकरण गरी समग्र संचार क्षेत्रको विकास र विस्तारमा राज्यले दिने सेवा सुविधामा वृद्धि गरियोस् ।

४ साना लगानीको पत्रपत्रिकालाई सुविधा नियमित हुनेगरी विधा परिवर्तन गर्ने व्यवस्था गरियोस् ।

### ६.. संरचना सम्बन्धी

- पत्रकारको दक्षता अभिवृद्धिका लागि राष्ट्रिय आमसञ्चार प्रशिक्षण प्रतिष्ठान स्थापना तथा आवश्यक अन्य संरचनाहरु तत्काल स्थापना गरियोस् । त्यस्ता निकाय स्थापना गर्दा पत्रकार महासंघको समेत सलग्नतामा स्वतन्त्र, स्वायत्त र प्राज्ञिक रहने कानुनी व्यवस्था गरियोस् ।
- मिडियाको प्राविधिक नियमन, प्रवर्द्धन, प्रसारणमाध्यमको इजाजत, नवीकरण, विज्ञापन वर्गीकरण, श्रम मामिला आदि हेर्ने गरी कानूनी संरचना तयार गरी स्वतन्त्र र स्वायत्त राष्ट्रिय मिडिया आयोग वा प्राधिकरण गठन गरियोस् ।

- नेपाल पत्रकार महासंघका जिल्ला शाखाहरुको भौतिक पुर्वाधार विकासका लागि आवश्यक रकमको व्यवस्था गरियोस् । साथै, क्षमता अभिवृद्धिका लागि सरकारले उपलब्ध गराउने रकममा वृद्धि गरियोस् ।

- आमसञ्चार क्षेत्रको इतिहास संरक्षण, विकास क्रमको दस्तावेजीकरण तथा अध्ययन अनुसन्धानका लागि आमसञ्चार संग्रहालय र ई-लाइब्रेरी स्थापना गरियोस् ।
- अपाङ्गता तथा अल्पसंख्यक र महिला श्रमजीवी पत्रकारहरूले सञ्चालन गरेका सञ्चारमाध्यमलाई विशेष सहुलियतको व्यवस्था गरियोस् ।
- कर्णालीलगायतका अति विकट क्षेत्रमा पत्रकारिताको विकासका लागि विशेष पहल गरियोस् ।

**गोविन्द आचार्य**
**अध्यक्ष**

फोन नं :००९७-१-४-११२७६३, ४-११२६७३, फ्याक्स : ४-११२७८५, इमेल : fnjnepal@mail.com.np, Website: www.fnjnepal.org